Symbol No. ....................

RE - 1051'SP'

# SEE 2082 (2026)

## अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा　　　　　　　　　　　　　　　　　　　　　　　　　पूर्णाङ्क : ७५

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**　　　　　　　　　　　　**(११×१=११)**

१. सामाजिकीकरण प्रक्रियाको एक महत्त्व लेख्नुहोस् ।

२. नेपालले मानव विकास सूचकाङ्कको स्थिति सुधार गर्न के गर्नुपर्ला ? एउटा उपाय उल्लेख गर्नुहोस् ।

३. अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गर्दै आएको कुनै एक कार्य लेख्नुहोस् ।

४. अन्धविश्वास विरूद्ध जनचेतना जगाउने एक नारासहित् प्लेकार्डको नमुना तयार पार्नुहोस् ।

५. अन्तरिम सरकार भनेको के हो ?

६. वि.सं. २०६२/६३ को जनआन्दोलनको कुनै एक उपलब्धि लेख्नुहोस् ।

७. मुद्धती खाता र वचत खाताविच एउटा भिन्नता देखाउनुहोस् ।

८. तपाईं पर्यटकका रूपमा कुनै ठाउँको भ्रमण गर्दा वातावरणमा नकारात्मक प्रभाव पर्न नदिन के गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

९. संयुक्त राष्ट्रसङ्घको स्थापना किन गरिएको हो ? एउटा कारण लेख्नुहोस् ।

१०. नेपालले परराष्ट्र सम्वन्ध सुमधुर राख्न कस्तो नीति अवलम्वन गर्नुपर्छ ? एक वाक्यमा प्रष्ट पार्नुहोस् ।

११. समुदायमा जनसङ्ख्या र वातावरणविच सन्तुलन कायम गर्न तपाईंले गर्न सक्ने एक कार्य लेख्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**　　　　　　　　　　　　**(९ × ४ = ३६)**

१२. हामी नेपालीले हाम्रो राष्ट्रिय पहिचान संरक्षण गर्नका लागि के गर्नुपर्छ ? चार बुँदामा लेख्नुहोस् ।

१३. दिगो विकासका लागि ध्यान दिनुपर्ने महत्त्वपूर्ण चार पक्षहरू उल्लेख गर्नुहोस् ।

१४. 'राष्ट्रिय सम्पदा संरक्षणमा विद्यार्थीको भूमिका' शीर्षकमा एक वक्तृता तयार पार्नुहोस् ।

१५. "सामाजिक मूल्य मान्यता र अनुभवका स्रोत जेष्ठ नागरिक हुन् ।" यस भनाइलाई प्रष्ट पार्नुहोस् ।

अथवा

हाम्रा लोकवाजाको संरक्षण कसरी गर्न सकिन्छ ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।

क्रमशः

CamScanner

१६ यौन दुर्व्यवहारले समाजमा कस्तो असर पार्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।

१७. लोकतन्त्रलाई सबल बनाउन राजनीतिक दलको भूमिका उल्लेख गर्नुहोस् ।

१८. भूमध्यसागरीय हावापानीको चार विशेषता लेख्नुहोस् ।

१९. सूचना तथा सञ्चार प्रविधिले दैनिक जीवनलाई कसरी सहज बनाउन सकिन्छ भन्ने विषयमा दुई साथीविचको संवाद तयार गर्नुहोस् ।

२०. गुणस्तरीय तथा स्वस्थ जीवनशैली कायम गर्न के गर्नुपर्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४ × ७ = २८)

२१. व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाविच शक्ति सन्तुलनको आवश्यकता पर्दछ, किन ? उदाहरणसहित् पुष्टि गर्नुहोस् ।

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) खप्तड राष्ट्रिय निकुञ्ज (ख) कर्णाली नदी
(ग) पृथ्वी राजमार्ग (घ) सगरमाथा हिमाल

अथवा

पृष्ठभरिको दक्षिण अमेरिका महादेशको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) अमेजन नदी (ख) भूमध्यरेखा
(ग) पाटागोनिया मरूभूमि (घ) टिटिकाका ताल

**दृष्टिविहीनका लागि मात्र**

भूकम्पबाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् ।

२३. प्रथम विश्वयुद्धको चार परिणाम उल्लेख गर्दै त्यस युद्धमा नेपालले कस्तो भूमिका खेलेको थियो ? वर्णन गर्नुहोस् ।

२४. वैदेशिक रोजगारीका क्रममा विदेशमा रहँदा आउनसक्ने समस्या र ती समस्याहरूको समाधानका उपायवारे सचेत गराउँदै वैदेशिक रोजगारीमा रहनु भएका आफन्तलाई चिठी लेख्नुहोस् ।



CamScanner